स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



हलिउड र बलिउड हुँदै 'कागजपत्र'बाट नेपाली फिल्ममा प्रवेश गरेकी अभिनेत्री शिल्पा मास्के अभिनयमा कुशल मानिन्छिन् । तर, फिल्मको असफलताले उनको करिअर सुखद बन्न दिएको छैन । यसबीच, उनले पहिलो पटक नाटकमा काम गरेकी छन् । उनी अभिनीत डेब्यू नाटक 'ट्रान्जिट' यतिबेला शिल्पी थिएटरमा मञ्चन भैरहेको छ । र, शिल्पाले अभिनयको प्रशंसा बटुलिरहेकी छन् । फिल्ममा खासै रिहर्सल गर्न नरुचाउने उनले नाटकका लागि एक महिनाभन्दा बढी समय रिहर्सलमै बिताएकी थिइन् ।

आजको विचार...



प्रा. देवीभक्त ढकाल

सार्वजनिक...
*(दुई पेजमा)*



नेपाली कथानक चलचित्र 'महानगर' (वान् नाइट इन् काठमाडौं) भदौ ८ मा सार्वजनिक प्रदर्शनमा आउने भएको छ । एक साँझ दुई अपरिचित व्यक्तिको अनायस हुने भेट र त्यसपछिको घट्नाक्रमको कथा विषयवस्तु बनाएको चलचित्रमा कर्मा र मेनुका प्रधानको मुख्य भूमिका छ । मोहन राईको लेखन तथा निर्देशन रहेको चलचित्र विभिन्न फेष्टिभलपछि नेपाल रिलिज हुन लागेको हो । विभिन्न देशका फेस्टिभलको यात्रा पछि घरेलु दर्शकका लागि चलचित्र प्रदर्शन गर्न लागेको निर्देशक राईले बताए ।

❒ वर्ष २९ ❒ अंक ११ ❒ २०८० साउन ११ गते बिहीबार 27 July 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### काँग्रेसको महासमिति बैठक मंसिरमा

**पाल्पा,** साउन १०/नेपाली काँग्रेसले विधान महाधिवेशनको सट्टा महासमितिको बैठक आगामी मंसिरमा गर्ने भएको छ । केन्द्रीय कार्यसमितिको बैठकले नीति महाधिवेशनले गर्ने कार्य महासमितिको बैठकबाट गर्ने निर्णय गरेको हो ।

काँग्रेसले महासमितिको बैठक मंसिर ११ देखि १३ गतेसम्म गर्ने भएको छ । 'विधानमा नीति महाधिवेशनले गर्ने कामहरू गर्ने गरी मंसिर ११ देखि १३ गतेसम्म महासिमितको बैठक बोलाइएको छ,' पार्टीले गरेको निर्णय सुनाउँदै महामन्त्री विश्वप्रकाश शर्माले भने । उनले फरक प्रसंगमा नेपाली काँग्रेसले सरकारले थालेको भ्रष्टाचार विरोधी जुनसुकै अभियानमा साथ दिने पनि बताए । कांग्रेस केन्द्रीय समितिको बैठकले भ्रष्टाचारमा कोही दोषी नउम्किउन्, कोही निर्दोष नफसुन् भन्ने नीतिका भ्रष्टाचार अभियानमा कांग्रेसले सरकारलाई साथ दिने शर्माले बताए । यस्तै अहिले गठबन्धनकै कारण काँग्रेस सरकारमा हुनुका साथै राष्ट्रपतिसमेत प्राप्त गर्न सकेको उनले बताए ।

# पाल्पामा झाँगिदै सम्बन्ध विच्छेदका मुद्दा

## तीन वर्षमा १०४५ दम्पतीले गरे सम्बन्ध विच्छेद

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन १०/पाल्पाको तिनाउ गाउँपालिकाका (नाम परिवर्तन) दिनेश सारु श्रीमति, दुई छोरीलाई घरमा छोडेर वैदेशिक रोजगारीका लागि कतार गए । उनले कामाएको १० लाख श्रीमतिको नाममा पठाए । सारु ५ वर्षपछि स्वदेश फर्केपछि पठाएको रकमबारे श्रीमतिसँग सोधीखोजी गर्न थाले । श्रीमतिले भने पठाएको रकम बारे जानकारी गराउनुको सट्टा उल्टै आफुलाई खान लाउन नदिएको भन्दै जिल्ला अदालत पाल्पामा उनीविरुद्ध अंश, खान लगाउन पाउँ भन्दै मुद्दा दर्ता गराईन् । घर झगडा साम्य पार्न सारुले सामाजमा अनेकौं प्रयास गरे पनि सफल नभएपछि अन्तत: अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराए ।

रामपुरकी (नाम परिवर्तन) मञ्जु सुनारले पनि सम्बन्ध विच्छेद गरेकी छिन् । श्रीमान विदेश गएका उनले श्रीमान श्रीमतीबीच अविश्वास बढेपछि विहे गरेको ४ वर्षमा सम्बन्ध विच्छेद गर्नु पऱ्यो । यस्तै माथागढी गाउँपालिकाकी (नाम परिवर्तन) मीना बिकले २ वर्षअघि २१ वर्षको उमेरमा प्रेम विवाह गरिन्, तर विहे भएको एक वर्षमा सम्बन्ध विच्छेद भयो । सुरुमा मन मिलेर प्रेम विवाह भएपनि पछि श्रीमान श्रीमतीको मनमुटावले विवादको रुप लिँदा सम्बन्ध विच्छेद गर्नु पऱ्यो । परिपक्व नभइ, क्षण भरको रमाइलोका लागि विहे गर्दाको परिणामले सम्बन्धले दर्घकालीन रुप लिन सकेन ।



यी त केही प्रतिनिधि पात्र मात्र हुन् । अपरिपक्व विवाह, प्रेम विवाह र वैदेशिक रोजगारी जस्ता कारण पाल्पामा सम्बन्ध विच्छेद गर्ने दम्पत्तीको सख्यामा वृद्धि भएको छ । जिल्ला अदालत पाल्पामा तीन वर्षमा सम्बन्ध विच्छेदका मात्र एक हजार ४५ मुद्दा दर्ता भएका छन् । जिल्ला अदालतका अनुसार दर्ता भएका मुद्दा मध्ये ४३ प्रतिशत सम्बन्ध विच्छेदका रहेका छन् ।

तीन वर्षमा यहाँ २ हजार ४ सय ८७ मुद्दा दर्ता भएका थिए । जसमा एक हजार ४५ मुद्दा सम्बन्ध विच्छेदका रहेको जिल्ला अदालतका तहसिलदार भेषराज खनालले बताए । उनका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा ६ सय ३६ मुद्दा दर्ता भएकोमा २ सय २८ मुद्दा सम्बन्ध विच्छेदका रहेका छन् । जसमा १ सय ४६ मुद्दा मात्र फर्स्यौट भएका छन् । यस्तै आर्थिक वर्ष २०७८/०७९ मा ८ सय ३४ मुद्दा दर्ता भएकोमा ३ सय ७४ मुद्दा सम्बन्ध विच्छेदका रहेको तहसिलदार खनालले बताए । सो अवधिमा २ सय ९२ सम्बन्ध विच्छेदका मुद्दा फर्स्यौट भएका छन् । आर्थिक वर्ष २०७९/०८० मा एक हजार १७ मुद्दा दर्ता भएकोमा ४ सय ४३ मुद्दा सम्बन्ध विच्छेदका रहेका छन् । जसमा सम्बन्ध विच्छेदका ३ सय ६३ मुद्दा मात्र फर्स्यौट भएका छन् । जिल्ला अदालत पाल्पाले आर्थिक वर्ष २०७९/०८० मा दर्ता भएका कूल मुद्दा मध्ये ७१ दशमल ६८ प्रतिशत फर्स्यौट गरेको छ । यो लक्ष्य भन्दा बढी नै हो । तहसिलदार खनालका अनुसार अदालतमा दर्ता हुने मुद्दामध्ये सबैभन्दा धेरै मुद्दा सम्बन्ध विच्छेदको हुने गरेको बताए । सामाजिक सञ्जालको बढ्दो प्रयोग, वैदेशिक रोजागार, कम उमेरमा विवाह र अन्य पारिवारिक समस्याका कारण सम्बन्ध विच्छेद हुने गरेको उनको भनाई छ । जिल्लामा प्रत्येक वर्ष सम्बन्ध विच्छेदको ग्राफ बढ्दो छ ।

पछिल्लो समय सम्बन्ध विच्छेद गराउनेहरु अत्याधिक रहेको अधिवक्ता शिवप्रसाद देवकोटा बताउँछन् । सम्बन्ध विच्छेद बढ्नुका मुख्य कारण वैदेशिक रोजगार भएको उनको भनाइ छ । अधिवक्ता देवकोटो भन्छन्, 'कामको खोजीमा श्रीमान् वैदेशिक रोजगारीमा जाने गरेका छन् । लामो समयसम्म श्रीमान् श्रीमती टाढिंदा दूरीका कारण पनि एकापसमा विश्वास घटेर शंका उपशंका गर्न थाल्छन् र, सम्बन्ध विच्छेदको बाटो खुल्छ ।' कम उमेरमा विवाह, प्रेम विवाह, पितृसतात्मक सामाजिक संरचनाबाट ग्रसित जस्ता कुराले पनि सम्बन्ध विच्छेद हुने गरेको उनले बताए ।

देवकोटाले भने 'प्रेमी-प्रेमीकाले विवाह हुनुपूर्व एक आपसमा आश्वासन बाड्ने तर विवाहपछि ति आश्वास पुरा नगर्ने, अर्को तर्फ माईतिमा आमा/बुवाले दिने मान सम्मान सासू, ससुराबाट नपाउँदा पनि घरायसी झगडाबाट श्रीमान, श्रीमतिको सम्बन्ध टुट्न पुग्छ ।' सूचना प्रविधिको प्रयोगबाट हुने विवाहमा पनि सम्बन्ध विच्छेद हुने गरेको उनको भनाई छ । पछिल्लो समय सम्बन्ध-विच्छेदका लागि निवेदन दिनेमा वैदेशिक रोजगारीबाट फर्केकाहरु बढी देखिएका छन् । विदेशमा पति वा पत्नी गएपछि परपुरुष वा स्त्रीसँग लागेको, विदेशबाट पठाएको रकम हिनामिना गरेको र शारीरिक-मानसिक यातना दिएको भन्दै सम्बन्ध-विच्छेदका लागि निवेदन दिनेको लर्को लाग्ने गरेको छ । सहरिया, सम्पन्न महिला, पुरुष मात्र होइन, ग्रामीण र विपन्न महिला, पुरुषसमेत सम्बन्ध विच्छेदको निवेदन बोकेर अदालत धाउने गरेका छन् ।

## बडिगाड प्रहरी मृत्यु प्रकरण

### हत्या गर्ने आमा-छोरा प्रहरी नियन्त्रणमा




**पाल्पा,** साउन १०/बडिगाड गाउँपालिकास्थित भीमगिठे प्रहरी चौकीका इन्चार्ज वरिष्ठ प्रहरी नायव निरीक्षक उज्वल पौडेलको मृत्यु प्रकरणमा संलग्न आमा छोरालाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले प्रारम्भिक अनुसन्धानमा आशा रेस्टुरेन्ट तथा खाजाघरका सञ्चालकले नै हत्या गरेको खुलेकाले आशा कुँवर र छोरा बिनोदलाई नियन्त्रणमा लिएको हो ।

पौडेल खाजा खाना उक्त होटल गएका थिए । होटल सञ्चालक आसा कुँवर र विनोदसँग विवाद भएपछि उनीहरुले पौडेलको टाउकोमा मुक्काले मरणासन्न हुने गरी कुटपिट गरी छातीमा लात्तिले प्रहार गरी बेहोस बनाएका थिए । त्यसपछि पर्दाले घाँटीमा थिचेर हत्या गरेको प्रहरी नायव उपरीक्षक मदन केसीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । पौडेल सोमबार राति बडिगाड गाउँपालिका-६ को आशा रेस्टुरेन्ट तथा खाजाघरमा पौडेल मृत भेटिएका थिए । सोमबार बेलुकी साँढे आठ बजे खाजा खान छिरेका पौडेल राति साढे १२ बजे मृत भेटिएका थिए । घटनामा संलग्न रहेका आमा छोरालाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय बाग्लुङ्गका प्रहरी नायव उपरीक्षक केशीले जानकारी दिए । केही समयअघि भीआईपी पीएसओमा काठमाडौंमा काम गरेका पौडेल एक वर्षअघि मात्र भीमगिठे गएका थिए । पर्वतको कुश्मा नगरपालिका-९ घर भएका पौडेलका पत्नी र दुई सन्तान रहेका छन् । जिल्ला सदरमुकामबाट इप्रका रहेको बडिगाड-७ सम्मको दुरी ७० किलोमिटर रहेको छ भने त्यहाँबाट घटनास्थल ४ किलोमिटरको दूरीमा रहेको छ ।

# विदेशबाट फर्केर आफ्नै व्यवसाय

**वालिङ,** साउन १०/बुवाबाट मादल बनाउने सीप सिकेका कमल गन्धर्वले अन्तत: यसैलाई आम्दानीको मुख्य स्रोत बनाए । पाल्पाको रामपुरका गन्धर्वले स्याङ्जाको पुतलीबजार-१० राङखोलामा 'प्रेम मादल उद्योग' मार्फत मादल उत्पादन गरी बिक्री गर्दै आएका छन् ।



बुवासित मादल बनाउने काम गर्दा गर्दै जागिरको खोजीमा विदेश पुगेका उनले विदेशको बसाइलाई बिटमार्दै फेरि मादल बनाउने पेसामै फर्किएका हन् । हाल उनले यसैलाई व्यावसायिक रुपमा अगाडि बढाउने योजनाका साथ सक्रिय भएर लागेका छन् । 'बुवासँगै मादल बनाउन सिक्दै र बनाउँदै गर्दा कामको खोजीमा विदेश गएँ', उनले भने, 'पाँच वर्ष चार महिना विदेशी भूमिमा पसिना बगाएँपछि स्वदेश फर्किएर आफ्नै व्यवसाय सुरु गरेको हुँ ।' राङखोलामा आफ्नो छुट्टै मादल उद्योग सञ्चालन गरेका गन्धर्वलाई नयाँ मादल बनाउने, मर्मत गर्ने लगायतका काम गर्न अहिले भ्याइनभ्याइ छ ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भ्रष्टाचारमा संलग्न कसैलाई नछोड

भ्रष्टाचार नेपालको वर्षौंदेखिको समस्या हो । देशको विकासले गति लिन नसक्नुको मुख्य कारण पनि यही भ्रष्टाचार नै हो । देशभित्र भ्रष्टाचार छ भन्ने कुरा सत्तामा पुग्ने जुनसुकै सरकारलाई राम्रोसँग ज्ञान छ । कुन–कुन निकायमा भ्रष्टाचार छ त्यसको बारेमा पनि राम्रो जानकारी छ । भ्रष्टाचार कसरी हुन्छ भन्ने पनि राम्रो हेक्का छ । विगतका सरकारले भ्रष्टाचार नियन्त्रण गर्न नारा बनाए तर कार्यान्वयन भने गर्न सकेनन् । उनीहरुले भ्रष्टाचार नियन्त्रण गर्नका लागि धाराको टुटी मात्र बटार्दै आए तर मुहान सफा बनाउनेतर्फ खासै ध्यान दिन सकेनन् । वर्तमान प्रचण्ड नेतृत्वको सरकारले भने मुहान सफा गर्ने काममा अग्रसरता देखाएको छ । जुन सकरात्मक र स्वगातयोग्य छ । सरकारका पछिल्ला केही कदम हेर्दा मुलुकमा भ्रष्टाचारमा केही कमी आउन सक्छ कि भन्ने आश जगाएको छ ।

प्रचण्ड नेतृत्वको सरकारले भुटानी शरणार्थी, ललिता निवास र सुन काण्डमा देखाएको सक्रियताले भ्रष्टाचारमा केही कमी आउने आशा गर्न सकिन्छ । मौलाउँदै गएको भ्रष्टाचार र अनियमितताका कारण विकास समेत अवरुद्ध बनेको छ । त्यति मात्र होइन्, जनताले सुशासनको प्रत्याभूति समेत गर्न नपाएको अवस्थामा वर्तमान सरकार सचेत हुँदै बडो जिम्मेवारीका साथ जनताको उत्कृट चाहना पूरा गर्ने बाटोमा इमान्दारिताका साथ अग्रसर भएको छ । सरकारको भ्रष्टचारविरुद्धको कदमको जनस्तरबाट प्रसंसा भएको छ । सरकारले खोलेका भ्रष्टाचारविरुद्धका फाइलहरुलाई टुंगोमा पुऱ्याउने काममा तदारुकता देखाउन आवश्यक छ । सरकार यदि वास्तविकरुपमा भ्रष्टाचारविरोधी अभियानमा लागेको हो भने ललितानिवास काण्ड र पछिल्लोपटकको सुन काण्डका दोषी जोसुकै भए पनि छोड्नुहुँदैन । उनीहरु सबैलाई कारवाहीको दायरामा ल्याउन सकिएमा मात्रै सरकार भ्रष्टाचार न्यूनीकरण गर्ने कार्यमा सफल हुन सक्छ । अन्यथा सरकारकै लागि प्रत्युत्पादक बन्न सक्ने निश्चित छ ।

## Opinion @ Social Network

दरो गरी समातेका हातबाट त औलाहरु सहजै छुटछन् त्यसैले
सम्बन्धहरु कडा भएर हैन, नरम भएर निभाउन सिक्नुपर्ने रहेछ ।
*(कुस्मा गाहाको फेसबुक स्टाटस https://www.facebook.com/kusma.gaha.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सार्वजनिक बहसमा जनताले तिर्ने कर र नेताले लिने सुविधा



**प्रा. देवीभक्त ढकाल**

जनताले कर किन र कति तिर्ने ? सरकारले लिने करका सैद्धान्तिक आधारहरू बारे करदातासँग सघन छलफल किन हुन्न ? करदातालाई कर प्रणालीको राम्रो जानकारी गराउने कर्तव्य सरकारको होइन ? कर भुक्तानी गर्ने व्यक्तिलाई सरकारले सम्मानको व्यवहार प्रकट किन गर्दैन ? कर भुक्तानी गर्दा करदातालाई अपराधीसरह उभ्याउने र यो कोठा र ऊ कोठा जाने झन्झट, दुःख किन दिने ? कर लिने मालिक कि कर तिर्ने मालिक हो ? करदातालाई कर तिर्ने ठाउँमा बस्नेसम्म व्यवस्था नगर्नु के करदाताप्रतिको दुर्व्यवहार होइन ? कर भुक्तानीलाई सहज, सरल वातावरण बनाउने दायित्वबाट सरकार किन पन्छिन्छ ? करको दर र कर तिर्ने तरिकाका कारण करदातालाई असहज अनुभव हुने विषयमा सरकारको सम्बन्धित निकाय किन चनाखो हुँदैन ? यी र यस्ता महत्वपूर्ण प्रश्नलाई सरकारले जनबहसको विषय किन बनाउँदैन ? कर लिनेको एकतर्फी निर्णयले कर निर्धारण गर्दा करदातामा असन्तुष्टि निसन्देह बढ्छ । कर छलीको समस्याको मुख्य कारण असहज र असहमत कर प्रणाली हो ।

नेपालमा अहिले करका विविध शीर्षक र करको उच्च दरप्रति चरम असन्तुष्टि छ । असन्तुष्टिका कारण र परिणामको गहन अध्ययन र सम्बोधन किन हुँदैन ? करदाता भगवान हुन् । भगवानलाई भक्तहरूले जस्तै राज्यले पनि करदाताप्रति सम्मानित व्यवहार गर्नुपर्छ । करको भुक्तानी गर्दा करदाताले त्यस बखत यातनाको अनुभव यदि गऱ्यो भने त्यो सरकारी संयन्त्र अयोग्य हो भन्नु अनर्थ हुन्न । करको दर र शीर्षक अधिक भयो, भुक्तानी झन्झटिलो भयो भने सरकारप्रति करदाता नकारात्मक हुन्छन् । सरकारप्रति जनविश्वास खस्कन्छ । यस्ता विषयको प्रभाव मूल्यांकन प्रणाली किन बन्दैन ? जनताको असन्तुष्टिलाई सम्बोधन नगर्ने सरकारको भविष्य हुँदैन । सरकारको काम कर संकलनमा मात्रै सीमित हुँदैन । संकलित करको परिचालन अझ महत्वपूर्ण पक्ष हो । कर आयात नियन्त्रण र निर्यात प्रबर्द्धनको सूत्र हो । नेपालमा नबन्ने सामान्य प्रयोगको वस्तु मोटरकार भारतबाट आयात हुन्छ । यस्तो अवस्थामा आयात नियन्त्रण र निर्यात प्रबर्द्धनको सूत्र निकम्मा हुन्छ । भारतमा भारतीय पाँच लाख रुपैयाँ पर्ने मोटर कारलाई नेपालमा भन्सार र अन्य शुल्कहरू जोड्दा त्यसको मूल्य उच्च करका कारण तीस लाख नाघ्छ । यो संसारका कुनै पनि देशमा नभएको उच्च कर हो । उच्च कर तिर्ने जनतालाई राम्रो सडक संरचना बनाउन सरकार जबाफदेही नहुनु अर्को विडम्बना हो । जनताको कर्तव्य कर तिर्नु हो । संकलित कर प्रयोग जनहितमा गर्न सरकार गम्भीर नहुनु अर्को दुर्घटना हो । कर निर्धारण पूर्वकर लिने र कर तिर्नेबीच छलफल, अन्तर्क्रिया किन हुँदैन ? कर निर्धारणमा सरकारको एकांकी निर्णय कसरी ठीक हुन्छ ? एकांकी निर्णयले कर अव्यावहारिक र अत्यधिक भएको पुष्टि हुन्छ । सरकारले गहन अध्ययन र करदाता तथा विज्ञसँग सघन छलफल र विचार विमर्श किन गर्दैन ? विज्ञ र विशेषज्ञ पनि भनसुन र नातागोताका हुने अर्को दीर्घ रोगले उनीहरूप्रति जनता विश्वस्त छैनन् । हाम्रो कर निर्धारण अव्यावहारिक र अवैज्ञानिक छ । जनतासँग कर निर्धारणको सैद्धान्तिक, व्यावहारिक पक्षमा सरकार र जनताबीच छलफल किन हुँदैन ? सरकारले कर के केमा लिने ? कति दर लगाउने भन्ने एकलौटी निर्णयलाई जनताले बलात मान्नुपर्ने व्यवस्था बारे किन पुनर्विचार नगर्ने ? कर दिनेको मनोविज्ञान नै नबुझिकन लाद्ने कर प्रणाली प्रजातान्त्रिक पद्धतिमा कसरी र किन मान्य हुन्छ ? कर कति लगाउने ? कसलाई लगाउने ? किन लगाउने ? के केमा लगाउने भन्ने बारे के सरकार पारदर्शी हुनुपर्दैन ? कर र खर्च प्रणाली दुवै पारदर्शी बनाउने र खर्चको औचित्यप्रति जनताका धारणा बुझ्ने र सोअनुसार आफूलाई आवश्यक सुधार गर्ने दायित्व बारे के सरकार कहिल्यै गम्भीर छ ? तमाम विषयको जानकारी दिने कर्तव्य राज्य सञ्चालकको हो भन्ने कुरा सरकारले कहिले बुझ्ने ? जनता कर तिर्ने यन्त्र हनेइनन । ऊ कर, करको सदुपयोग र दुरुपयोगबारे छलफल, बहस, अन्तर्क्रियामात्रै होइन समाधानका विषयमा समेत घोत्लिने जिम्मेवार पक्ष हो । जसले खेत जोत्छ उसलाई उत्पादनको जति माया हुन्छ खेत कुरुवालाई हुँदैन । राज्यको ढुकुटीको माया राज्य सञ्चालकलाई भन्दा करदातालाई हुन्छ । किनकि उसले गाँस काटेर करको भुक्तानी गरेको हुन्छ । करको भुक्तानी गर्ने जोकोहीले करको प्रयोग कहाँ भएको छ ? कतै दुरुपयोग त भएको छैन भन्ने कोणले समेत परिस्थितिलाई मूल्यांकन र विश्लेषणको हक र सुविधा हुनैपर्छ । त्यो हक अर्थात् सुविधाको कदर नगर्ने राज्यले संकलन गरेको कर प्रणालीप्रति कर दाता किमार्थ सन्तुष्ट हुँदैनन् । जहाँ करदातामा करका दर र करका शीर्षकप्रति असन्तुष्टि हुन्छ त्यहाँ करछली अवश्य हुन्छ । करछली रोक्ने कानुनको कार्यान्वयनले मात्रै करछली रोक्न असम्भव हुन्छ । करछली रोक्ने वैज्ञानिक प्रयास भनेको करका दर र शीर्षकका विषयमा करदातालाई आश्वस्त पार्नु हो । करदातालाई विश्वासमा लिने दायित्व सरकारको हो । करदाताहरू करका शीर्षकमा र करका दरहरूमा असन्तुष्ट छन् भने त्यसका कारणबारे जानकारी लिने र सम्बोधन गर्ने दायित्व सरकारको हो । विशेषत: करका दर र शीर्षकहरूमा असन्तुष्टिको विषय भनेको संकलित कर सदुपयोग भएको छैन भन्ने बुझाइ र अनुभूति जनतामा छ भने त्यसले असन्तुष्टिलाई मलजल गर्छ । सरकारको खर्च प्रणाली जनभावनाविपरीत हुनुहुँदैन । जनअसन्तुष्टिलाई सरकारले बुझ्नुपर्छ । कानुनको प्रयोगका आधारमा बलात कर संकलन गर्नु भनेको सरकार जनभावनाविपरीतका क्रियाकलापमा संलग्न हुनु हो । सरकारको विश्वसनीयतार इमानदारीको परीक्षण प्रत्येक कर दाताहरूले करका शीर्षकका आधारमा मापन र मूल्यांकन गर्छन् । तसर्थ खर्च प्रणालीमा विशेष सावधानी अपनाउनुपर्छ । जनताको हितमा कति व्यय हुन्छ त्यो जनताले मसिनो निगरानी गर्छन् । जनताको सेवामा भन्दा जनप्रतिनिधि र प्रशासनिक क्षेत्रमा फजुल खर्च गर्ने सरकारलाई जनपक्षीय सरकार भन्न सकिँदैन । जनताबाट निर्वाचित हुँदाहुँदै जनहितका योजना र कार्यक्रमभन्दा जनप्रतिनिधि र प्रशासनिक नेतृवले अधिक सुविधा लिएको अनुभूति जनतालाई भयो भने त्यो सरकार अलोकप्रिय हुन्छ ।

यसको प्रभाव निर्वाचनमा मुखरित हुँदा पार्टी र नेतृत्वका लागि दुर्भाग्य हुन्छ । हाम्रो सन्दर्भमा वर्तमान संवैधानिक संरचनाले सांसदहरूको संख्यलाई वृद्धि गरेको छ भने प्रदेशको संरचनागत खर्चलाई जोड्दा दुवै सदनका सांसदका लागि मासिक पारिश्रमिक, बैठक भत्ता र अन्य विविध सुविधासमेत जोड्दा खर्च आकासियो । परिणामस्वरूप अहिले देश आर्थिक संकटको चरण हुँदै विस्तारै टाट उल्टने अवस्थामा छ । जनताको प्रतिव्यक्ति आय अत्यन्तै कम अनुपातमा बढेको छ भने करका शीर्षक र दरमा भएको अत्यधिक वृद्धिले गरिबी र अभावलाई बढाएको छ । आयमा नगन्य वृद्धि तर करका शीर्षक र दरमा अत्यधिक वृद्धिले करको भुक्तानी दण्ड र जरिवाना भुक्तानी जस्तै भएको छ । यसले कर प्रणालीमा पुनरावलोकनको आवश्यकतालाई संकेत गर्छ । अहिले जिम्मेवारमा अनियमितता, घोटाला र भ्रष्टाचार सामान्य बन्यो । पदीय जिम्मेवारी र भ्रष्टाचार अहिले पर्यायवाची शब्द भयो । ठूलो पदवालाबाट ठूलै अनियमितता र ठूलो भ्रष्टाचार हुन्छ । सानाले पनि अवसरलाई ढुक्छ । जिम्मेवारी पाउनुभनेको राजनीतिमा मात्रै होइन कर्मचारीतन्त्रमा पनि अनियमितता र भ्रष्टाचार गर्ने लाइसेन्स ठानिन्छ । चिनी, नुन, अलकत्रा जस्ता वस्तुमा मात्रै हिजो पनि सामान्य अनियमितता हुन्थ्यो भने अहिले क्विन्टलका क्विन्टल सुन सामान्य मानिसको सियो समेतलाई आयात गर्न रोक्न सक्ने स्क्रिनिङ मेसिनको निगरानी र राज्यका तहगत सुरक्षा प्रबन्धलाई ठाडो चुनौती दिँदै छल्दै कसरी सुन बाहिरियो ? पुरै उच्च पददेखि पियन चौकीदार समेतलाई प्रलोभनमा पारेर चोरी छली आयात कसरी सम्भव भयो ? त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा र जाँच संरचना नै कसरी फेल भयो ? यसलाई नियन्त्रणमा राख्ने सरकारको सर्वोच्च संयन्त्र शंकाको घेरामा किन पऱ्यो ? भुटानी शरणार्थी छानविनको क्रम अगाडि बढ्दै गर्दा पुष्पकमल, शेरबहादुर र खड्गप्रसाद तीनजना राज्य सञ्चालनका वर्तमान ठेकदारहरूको गोप्य बैठकको शृंखलाले अनुसन्धानलाई त्यसभन्दा माथि जाने बाटो रोक्ने काम जहाँ भयो यसले भ्रष्टाचारको संरक्षण उच्च तहबाट भएको भन्ने विषयको पर्दाफास भएको छ । जो मुख्य जिम्मेवारीमा छ ऊसमेत मतियार हुने दुर्भाग्यपूर्ण अवस्थाले भ्रष्टाचारको सञ्जाल जबर्जस्त देखियो । यहाँ धामी र बोक्सी दुवैको संयुक्त संयन्त्रभित्र रोगको निवारण सजिलो छैन । तर, देश र जनताको हितका लागि नियन्त्रण अनिवार्य छ ।

खुला सिमाना भएको देशमा चोरी-छली व्यापार कति फष्टाएको होला त्यो अनुमान गर्नै कठिन छ । अब वस्तु बेचबिखनबाट भ्रष्टाचार अझै अगाडि बढेर मानव बेचविखनतिर पनि केही छिटपुट घटना सुनिन्थ्यो भने अहिले सरकारका उपप्रधानमन्त्री, गृहमन्त्री भइसकेकाबाट आफ्नो कार्यकालमा नक्कली भुटानी शरणार्थी प्रकरणमा पत्याउनै नसकिने मानिस बेचबिखनको भ्रष्टाचारको घटना सतहमा आयो । उच्च तहको राजनीतिक र प्रशासनिक नेतृत्वसमेत छानविनपछि अदालती कारबाहीमा पर्नु यसभन्दा भ्रष्टाचारको बिगबिगी अर्को के हुनसक्छ ? नेपाली नागरिकलाई भूटानी नागरिक बनाएर अमेरिका पठाउने जस्ता कुकृत्यमा उच्च पदस्थको प्रत्यक्ष संलग्नता देखियो । जतासुकै अनियमिताको जालो विच्छ्याएर भ्रष्टाचार गर्नेहरूको पहुँच सबै निकायमा पुगेको कुरा न्यायपालिकाको न्यायिक निर्णयमा परेको कुरा तत्कालीन सम्माननीय प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा स्वयंको इजलासबाट रञ्जन कोइराला जस्तो जघन्य र नृशंस पत्नीहत्या जस्तो ज्यान मुद्दाको कैद माफ गर्ने नजिरले सर्वोच्च अदालतको मात्रै होइन न्यायपालिकाको गरिमा र प्रतिष्ठालाई खरानी बनाएको छ । यस्ता नजिरहरू अलि मसिनोसँग केलाउने हो भने न्यायलयहरूमा अनगिन्ती होलान् । तर, भ्रष्टहरू नै भ्रष्टाचारको छानविनको जिम्मेवारी पाउने अवस्थाले भ्रष्टाचार कहाँ, कति, कसरी भन्ने विषयलाई सानो आलेखमै सांगोपांगो लगाउन सम्भव छैन । निर्धक्कका साथ भन्न सकिन्छ कि यहाँ जिम्मेवारी ठूलो वा सानु जे पाए पनि पदीय जिम्मेवारीमा रहँदा भ्रष्टाचार, अनियमितता र पदको दुरुपयोग नगर्ने व्यक्ति विरलै भेटिन्छन् । इमानदार अपवादमा पाइन्छन् भन्नु अन्यथा हुँदैन । नैतिकता, इमानदारी र इन्टिग्रिटी भएको राजनीतिज्ञ र कर्मचारी दुर्लभ भएको देशमा कर निर्धारणमा, खर्च प्रणालीमा घोटाला हुँदैन भन्ने नैतिकतासम्म गुमाएका राजनीतिज्ञ र कर्मचारीतन्त्रले निर्धारण गर्ने कर निर्धारण, खर्च प्रणालीका विषयमा नागरिक तहमा र विशेषज्ञ जगतसँग खुला बहस, छलफल, विचार विमर्श, अन्तर्क्रिया, विश्लेषण नहुँदा र नगर्दा सरकारप्रति झन् अविश्वास बढ्ने निश्चित छ । कर र खर्च प्रणालीमात्रै होइन सरकारका तमाम कामकारबाहीमा जनविश्वास र इमानदारीलाई पुनर्स्थापित गर्ने इमानदार प्रयत्नको थालनी नै समस्याको समाधान हो न कि अनियमितता भएको छैन भन्ने ओठे जवाफ । उच्च पदस्थहरूको उपचारको नाममा एयर एम्बुलेन्स, स्वदेशमै सम्भव उपचार साथै विदेशमा परिवारका र नातागोतासमेतलाई डलरमा दैनिक भत्ता खुवाउने जस्ता खर्च, अतिथि सत्कार, सुरक्षाका नाममा सिपाहीको दुरुपयोग र मन्त्रिपरिषद्को निर्णय जस्ता नीतिगत भ्रष्टाचार, अनियमित र फजुल खर्चका कारण सरकारको खर्च प्रणालीसँग समेत करदाताको चरम असन्तुष्टि छ । कर संकलन प्रक्रिया र खर्च प्रणालीको असन्तुष्टिको उचित सम्बोधन नै सुशासनको पूर्वाधार हो भन्ने विषयलाई आत्मसात गर्ने सरकारको कर्तव्य र दायित्वलाई सरकारले कहिले बुझ्ने ?

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन् । शुभारम्भको चर्चा चल्नेछ । | **तुला** : प्रेम जीवन सफल र सुखद् रहने देखिन्छ । इच्छाहरु पूर्ण हुनेछ । |
| **वृष** : विपक्षीको छलकपट तथा जाल झेलबाट सावधान रहनुपर्नेछ । | **वृश्चिक** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । प्रेमीको सहयोग भने पाइनेछ । |
| **मिथुन** : सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला । | **धनु** : श्रमको उचित मूल्याङ्न हुनेछ । दिनको उत्तरार्ध बढी सुखद् रहनेछ । |
| **कर्कट** : आज आँटेको कार्य पुरा होला । ठीक समयमा सही निर्णय लिन सकिनेछ । | **मकर** : बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **सिंह** : अधुरो काम पूरा हुनेछ । व्यवसायका लागि यात्राको सम्भावना पनि छ । | **कुम्भ** : महिला मित्र बाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कन्या** : आम्दानी प्रशस्तै बढ्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ । |




नीति कथा — कमल रिजाल

# बाँदर र गोहीको दोस्ती



धेरै पहिलेको कुरा हो । एउटा गाउँ नजिक ठूलो तलाउ थियो, जसको किनारमा रहेको जामुनको रुखमा एउटा बाँदर बस्ने गथ्र्यो । रुखसित उसको यति बढी लगाव थियो कि हमेसा छाड्दैनथ्यो । यत्तिकैमा एक दिन कतैबाट एउटा गोही आइपुग्यो । गोहीलाई देख्ने बित्तिकै बाँदरले केही फल खसाइदियो । गोही भोको थियो । निकै मीठो मानेर खायो । यस अघि उसले कहिल्यै यस्तो फल खाएको थिएन । त्यसैले खुसी हुँदै भन्यो-

'धन्यवाद मित्र । मीठो फल खान दिएकोमा ।'

गोहीको कुरा सुनेर बाँदरले अतिथि धर्म निर्वाह गर्दै भन्यो-

'मित्र भनेका छौ भने धन्यवादको के कुरा भयो र । आउँदै गऱ्यौ भने सधैँ खान पाउने छौ ।'

त्यस दिनदेखि गोही नियमित आउन थाल्यो । बिस्तारै उनीहरूबिच गहिरो दोस्ती बन्यो ।

समय बित्दै गयो । एक दिन गोहीले परिवारबारे सोधेकाले बाँदरले भन्यो-

'एक्लै छु मित्र ! तिमीलाई भेटेर खुसी लागेको छ । लाग्छ भगवान्ले नै साथीको रूपमा तिमीलाई पठाइदिएका हुन् ।'

गोहीले पनि आत्मीयता देखाउँदै भन्यो-

'यो त मेरो पनि सौभाग्यको कुरा हो ।'

त्यसपछि बाँदरले खुसी हुँदै सोध्यो-

'मेरो बारेमा त सोध्यौ । तिम्रो के छ नि मित्र ! परिवार पनि छन् कि एक्लै ?'

प्रतिउत्तरमा गोहीले भन्यो-

'एक्लो छैन मित्र ! साथमा श्रीमती छिन् ।'

गोहीको कुरा सुनेर बाँदरले भन्यो-

'ओ हो मित्र ! पहिले नै किन नभनेको ? भरे जाँदा मेरो तर्फबाट भाउजूलाई केही कोसेली लगिदिनु है ।'

यति भनेर उसले केही फल पठाइदियो । गोहीले खुसी हुँदै फल लिएर गयो । कोसेली वापत्को मीठो फल खान पाएपछि गोहिनी सोच्न लागि-

'यति मीठो फल खाने जनावरको मुटु कति मीठो होला ।'

श्रीमतीलाई सोच मग्न देखेर गोहीले भन्यो-

'के भो प्रिये ! फल मीठो लागेन ?'

गोहिनीले अनकनाउँदै भनी-

'फल नमीठो भएर होइन प्रिय ! यति मीठो फल खाने जनावरको मुटु झन कति मीठो होला भन्ने लागेर सोचेकी हुँ ।'

उसको कुरा सुनेर गोहीले रिसाउँदै भन्यो-

'धत् ! लाटी ! के कुरा गरेकी त्यस्तो ? ऊ त मेरो घनिष्ठ मित्र हो । आइन्दा कहिल्यै यस्तो कुरा नगर्नु ।'

गोहिनीले तत्कालै प्रतिवाद त गरिन तर त्यस दिनदेखि झोक्राएर बस्न थाली । उसको अवस्था देखेर केही दिनपछि गोहीले सोध्यो-

'के भयो प्रिये ! निकै दिनदेखि झोक्राएकी देख्छु । सञ्चो छैन कि कसो ?'

मौकाको फाइदा उठाउँदै गोहिनीले भनी-

'हो प्रिय ! केही दिनदेखि सञ्चो छैन ।'

'सञ्चो छैन ?'

'हो सञ्चो छैन ।'

'अस्ति नै किन नभनेको त ? हिँड जाउँ वैद्यलाई भेटौँ ।'

'वैद्यको काम छैन ।'

'काम छैन ?'

'हो, काम छैन ।'

'के भनेकी त्यस्तो ?'

'बेथा नै त्यस्तै छ ।'

'त्यसलाई ठीक पार्न के गर्नुपर्छ त ?'

'तिम्रो साथी बाँदरको मुटु खानुपर्छ ।'

अब गोहीलाई आपद् पऱ्यो । उसलाई जसरी भए पनि बाँदरको मुटु ल्याउनै पर्ने भयो । त्यसैले भोलिपल्ट बाँदर समक्ष गएर बहाना बनाउँदै भन्यो-

'मित्र ! तिमीलाई आज भाउजूले खाना बोलाएकी छिन् ।'

प्रतिउत्तरमा बाँदरले खुसी हुँदै भन्यो-

'धन्यवाद मित्र ! निमन्त्रणका लागि तर जाने पो कसरी ?'

'किन र ?'

'आफू परियो स्थलचर प्राणी । पानीमा कसरी जाने भनेको नि ।'

उसको कुरा सुनेर गोहीले खुसी हुँदै भन्यो-

'म छँदै छु नि ! आऊ पीठमा बस ।'

त्यसपछि बाँदर गोहीको पीठमा बस्यो । ऊ बोकेर हिँड्यो । निकै पर पुगेपछि गोहीलाई अब बाँदर फर्कन सक्दैन जस्तो लाग्यो र भावी योजना बताउँदै भन्यो-

'भगवान्को नाम जप गर मित्र ! अब तिम्रो जीवन केही घडी मात्र बाँकी छ ।'

गोहीको कुरा सुनेर बाँदरले झस्किँदै भन्यो-

'के भो र मित्र ! किन यस्तो कुरा गर्दै छौ ?'

गोहीले पनि यथार्थ कुरा बतायो । गोहीको कुरा सुनेर बाँदर निकै रिसायो तर रिसाएर के गर्ने । समय बुद्धिले काम गर्नुपर्ने थियो । त्यसैले चतुऱ्याइँ देखाउँदै भन्यो-

'यो त राम्रो कुरा । मेरो क्षुद्र जीवनले पनि कसैको जीवन बचाउने भएछ तर गल्ती गऱ्यौ मित्र ! अघि नै भन्नुपर्ने थियो ।'

'अघि नै भन्नुपर्ने थियो ?'

'हो अघि नै भन्नुपर्ने थियो ।'

'किन र ?'

'किन कि बाहिर निस्कँदा मुटु रुखमै राखेर हिँड्ने बानी छ मेरो ।'

'राम्रो, अति राम्रो ।'

'किन र ?'

'किनकि म तिमीलाई फर्काएर उही रुखमा पुऱ्याउँछु । मुटु मलाई दिनु । तिम्रो जीवन पनि बच्यो भाउजुको उपचार पनि भयो । अनि राम्रो भएन त ?'

ठीक भन्यौ भन्दै बाँदरले टाउको हल्लायो । गोहीले उसलाई सोही रुखको फेदमा पुऱ्यायो । त्यसपछि बाँदर एक छिन है भन्दै रुखमा चड्यो र तल झरेन । निकै बेरपछि गोहीले भन्यो-

'चाँडो गर मित्र ! तिम्रो भाउजूलाई बेथाले निकै चापेको छ । ढिलो गरे प्राणै जान सक्छ ।'

गोहीको कुरा सुनेर बाँदरले रिसाउँदै भन्यो-

'मूर्ख ! तलाई यति पनि थाहा छैन कि प्राणीको मुटु उसको शरीरमै हुन्छ भन्ने कुरा ? धिक्कार छ तँ जस्ता विश्वास घातीलाई । आफैँसँग राख तेरो समस्या । तँ जस्ता अपराधीसँग मित्रता गर्नु छैन ।'

बाँदरको कुरा सुनेपछि गोही झस्क्यो र कुरा बनाउँदै भन्यो-

'धत् मित्र ! जोक पो गरेको त के भन्दा रहेछौ भन्ने ठानेर । तर, तिमीले त साँच्चै ठान्यौ । तिमी जस्ता मित्रमाथि पनि विश्वासघात गरौँला त । चाँडो ओर्ल भाउजू चौरासी व्यञ्जन बनाएर पर्खिरहेकी छिन् ।'

बाँदर पनि के कम । कड्किँदै भन्यो-

'जा जा पाजी ! त्यति मूर्ख पनि छैन कि यति भइसकेपछि पनि तेरो चिप्लो कुरामा विश्वास गरी बसौँ ।'

यति भनेर बाँदर आफ्नै धुनतिर लाग्यो । गोही काम पूरा हुनु पहिले नै मनको कुरा बताएर ठूलै मूर्खता गरेछु भन्दै आफ्नो बाटो लाग्यो ।

धेरै पहिलेदेखि पढ्दै र सुन्दै आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर यस कथाले दुईटा शिक्षा दिएको भने पक्का हो । यसमा पहिलो त यही हो कि काम समाप्त नहुँदै कसैलाई पनि मनको कुरा बताउनु हुँदैन । दोस्रो शिक्षा यही हो कि जस्तोसुकै विपत्तिमा पनि धैर्यले काम लिनुपर्छ ।

*-रातोपाटी डटकम*

निबन्ध — निरज दाहाल

# प्रतिस्पर्धी तृतीय निबन्ध : आमाको पछ्यौरी

भोकले रन्थनिएँ । स्कुलबाट आएको थिएँ । घरमा आमा भेटिनँ । लागेको भोक फेरि गुणामा परिणत भयो । बारी गएँ, देखिनँ । गाउँको चर्चित किराना पसल गएँ, भेटिनँ । छिमेकीको घर चाहारेँ, तर सोधिनँ । भोकले आन्दोलन गर्दै थियो । त्यसमाथि पनि आमा नदेखेपछि भोकले आफ्नो सीमा मिच्दै थियो । आँखा टिल्पिलाएका थिए । बाटोबाट अलिक तल बोरा बोकेर आउँदै गरेको देखेँ । अनुहार देखेको थिइनँ । तर हिँडाइ आमाको हो, थाहा थियो । टाउकोमा बेरेको पछ्यौरी त झन् आमाकै हो । योबेला भोकले आफ्नो धर्म छाड्यो । भोक गुणाबाट सिधै भागामा आयो । बाटोबाट सुपारीबारी हुँदै आमा घरतिर तेर्सिएको देखेपछि मुस्कुराएँ । 'खाजा खाइस् ? म मिल गएकी थिएँ । तँ आउने बेला भयो भनेर, बालाई बाँकी आफैँ पेलाउनु भनेर आएकी ।' मैले 'खाजा खाइस् ?' को प्रश्नमा प्रश्नसँगै टाउको हल्लाएर नाइँ भनिसकेको थिएँ । भोकले रन्थनिएको म । आमाको सामिप्यतामा अघाइसकेको थिएँ । सामिप्यताले तृष्णा मेट्छ । आमा खोज्नु मेरो दैनिकी थियो । स्कुलबाट फर्कदा । आमा खोज्दा आमाको सामिप्यताले भरिएको मन पग्लिन्छ । दुखेको छाती निको हुन्छ । लागेको चोट मत्थर रहन्छ । बगेका आँसु रोकिन्छन् । हराएको पेन्सिल भेटिन्छ । समग्रमा आमा नै जीवनको विकल्प हो ।

यो भेटिनँ - आमा, त्यो देखिनँ - आमा
यो भएन - आमा, त्यो भएन - आमा

त्यसो त आमा जिन्दगीको जवाफ हो र जिन्दगी कहिल्यै नसकिने प्रश्नपत्र । आमाको प्रसव पीडापछि जन्मेको शिशु आजीवन प्रसव पीडामा छट्पटिन्छ । यो धरतीमा आएपछि दौडनु पर्छ । दौडन नसके, घिस्रनु । घिस्रन पनि नसके बामे सर्नु । त्यो पनि नसके प्रयास गर्नु । यही त हो एउटा सार । जीवनको नदीले मलाई बगाउँदै लग्यो । कहिले किनारमा छाडिदियो । कहिले भुँमरीमा हत्यायो । कहिले अग्ला चट्टानसँग जोरी खोज्न सिकायो । कहिले मुहानमा अल्मलिन सिकायो । तर अन्त्यमा भन्यो, 'बग्न नछाड्नू । बगिनस् भने रोकिन्छस् । रोकिइस् मात्र भने तेरो अर्थ रहन्न ।'

हिमालले हिँउलाई पग्लने बेला भनेको हुनुपर्छ, 'तेरो धर्म बग्नु हो, बगिरहनू ।' मैले आजसम्म नदी बरालिएर हिँडे पनि बगेकै देखेको छु । नदीबाट सिक्नुपर्ने धर्म नछाड्नू पनि हो सायद । एउटी आमा आफ्ना छोराछोरीलाई आफ्नै छत्रछायामा राख्छिन् । राख्छिन् पनि नभनौँ राख्न खोज्छिन् । कतिको बाध्यता हुन्छ । छोराछोरीसँग टाढा बस्नुपर्ने । यो बाध्यता मैले बुझेको छु । त्यसो त, पानीको आमा हिमाल हुन् । जब हिउँ आफ्नी आमाको काखबाट फुत्त ओर्लन्छ र बग्न सुरू गर्छ, आफ्ना सन्तान नपुगुञ्जेल सागरमा, महासागरमा हिमालले हात छाड्दैन । मैले कुनै पनि नदी सागरसम्म पुगुञ्जेल बीचमा टुटेर बहेको देखेको छैन । हिउँ शिशु हुन्छ, प्यारो देखिन्छ । बिस्तारै बिस्तारै पानीको जवानी बढ्छ । वयस्क हुँदा पानीले बाढीको रूपमा उदण्ड गर्दै बग्छ । खैर, म आमासँग थिएँ । आमासँग हुनु भनेको सबैले पूर्ण हुनु हो । सबैले सम्पन्न हुनु हो । र आमासँग नहुनु भनेको कता कता दुखिरहनु हो । मनभित्र के नपुगेजस्तो रहनु हो । सबै भएर पनि केही छैन भने ऊसँग आमा हुनुहुन्न । केही नभएर सबैथोक छ भने ऊसँग आमा हुनुहुन्छ । एकदिन आमासँग बजार गएँ । आमासँग के कति पैसा थियो । मलाई थाहा थिएन । तर बजारमा मलाई मनपर्ने सबै कुरा थियो । बजारले 'यो सबै तेरो लागि हो' भनेर होटलबाहिर समोसा, जलेबीहरू राखेको थियो । कपडा पसलले बाहिर 'यो तँलाई औधी सुहाउँछ' भन्दै बाहिर टि-सर्टहरू, पाइन्ट, क्यापटोपी झुण्ड्याएको थियो । खेलौना पसलले 'तेरो मन पर्ने खेलौना ल्याएको छु' भनेर पसलबाहिर खाटमा ब्याट्रीबाट चल्ने हेलिकप्टर, प्लेन टेक-अफ गर्ने मुडमा राखेको थियो । आमासँग कति पैसा थियो मलाई थाहा थिएन । बजारभर चक्कर लगाएँ, आमाको हात समाएर । बजारभर आँखा डुलाएँ, आमाको हात समाएर । बजार जाँदै गर्दा देखेको समोसा पसललाई मनमनै भनेँ, भरे फर्कन्छु । कपडा पसललाई मनमनै भनेँ, त्यो क्यापटोपी अरूलाई नबेच्नू, म आउँछु । खेलौना पसललाई मनमनै भनेँ, प्लेन पुछेर राख्नू अहिले आउँछु । मैले जे जति किनौँला भनेर सोचेको थिएँ । मैले जे जति म किन्छु भनेर सम्झेको थिएँ । मैले जे जति आमालाई माग्छु भनेको थिएँ । ती सबै एक रुपियाँको बरफमा सीमित भए । मैले बजारमा देखेको सबै सपना बजारमै सीमित भए । बजारको पुछारबाट चामल र तरकारी किनेर फर्कदै गर्दा जतिजति पसल छुट्दै थिए त्यति नै मेरो मुटु भक्कानिँदै थियो । क्यापटोपीले भन्यो, आइनस् । प्लेनले भन्यो, पुछिएको छु । समोसाले भन्यो, सेलाएँ । मेरो आँखा भरिँदै गयो । मेरो मनमा ऐँठन परेजस्तो भयो । हातगोडा गलेर हिँडनै नसक्ने भएँ । आमाले बजार हिँड्ने बेलामा 'केही किनी नमाग्नू' भन्नुभएको थियो । किनिमाग्ने आँट आएन । बजारको सिरानमा बरफ किनेपछि हातमा राख्दै भन्नुभयो, 'दसैँमा लुगा किनौँला' । दसैँमा लुगा किन्ने भएपछि मेरो खुसीको कुनै सीमा रहेन । बरफ मुखमा हाल्दै घर फर्किएँ, आमाको पछ्यौरी समाएर । आफ्नी आमा सबैलाई महान् लाग्छ । आफ्नी आमा सबैलाई औधी मनपर्छ । तपाईलाई आमाले माया गर्न कुनै आइतबार पर्खिन्नन् । तपाईलाई आमाले स्नेह गर्न कुनै स्वार्थ राख्दिनन् ।

मैले यो लेखिरहँदा आमाले मलाई औधी माया गर्नुहुन्छ । मैले यो लेखेको दश वर्षपछि पढेँ भनेँ पनि त्योबेला आमाले मलाई माया नै गर्नुभएको हुन्छ । त्यसैले आमा- आज पनि, माया । खेतालाहरू खेतमा आइसकेका थिए । तीन हल गोरुले बिहानैबाट जोतेर पटा लगाउँदै थिए । कोही बीउ फाल्दै थिए । कोही समाहाबाट धेरै भएको पानी पटाउँदै थिए । घरमा रोपाइँ थियो । रोपाइँको दिन खाजाचाहिँ औधी मीठो हुन्छ । त्यो मलाई थाहा थियो । ठटाल कान्छालाई 'म पनि पटामा चड्छु' भनेर जिद्दी गर्दै थिएँ । उसले गोरु रिसाहा छन् भन्दै मलाई टार्दै थियो । पटामा चड्ने लोभ मैले ढुङ्गानाबा र शेरबहादुर बढीबालाई पनि नदेखाएको भने होइन । तर उनीहरूले पनि लडिने डरमा मलाई गोरु भोकाएका छन्, दुई जना सक्दैनन् भनेर टारेका थिए । तर वास्तवमा म सानो थिएँ । ब्यालेन्स गर्न सक्दैन भनेर उनीहरूले मलाई चढ्न दिएका रहेनछन् भन्ने कुरा आजकालको रोपाइँमा बुझ्न थालेको छु । तर उनीहरूले मलाई हिलो खेल्नबाट रोक्न सक्दैनन थिए । हिलो नखेल भन्ने अधिकार उनीहरूलाई थिएन । यो अधिकार त आमालाई मात्र थियो । र हिलो नखेल भन्ने आदेश मलाई बीस पटकभन्दा बढी आइसकेको थियो । पछाडी आमा गोरु कुट्ने सिर्कनो लिएर उभिएको देखेपछि मलाई थाहा भयो - अब म खेतबाट निस्कनुपर्छ, मैले सरासर गएर पैनीमा नुहाउनु पर्छ, नुहाइसकेपछि मैले फेरि खेतमा आउने दुस्साहस गर्नुहुँदैन । म थपक्क घरमा बसेर भ्याकेसनको होमर्वक गर्नुपर्छ । खाजा खानेबेलामा मलाई उफ्रन छुट छ । मैले बुझेको एक सिर्कनोबाट थियो । आमाहरूको एक आवाज, एक गाली, एक सिर्कनो, एक थप्पडबाट त्यसपछि गर्नुपर्ने सबै कुरा बेलीबिस्तार लाग्छन् भन्ने थाहा हुन्छ । आमाको अभावको त व्याख्या नगरौँ । त्यो व्याख्या आफैँमा कहालीलाग्दो बन्छ । आमाको अभाव हुनु भनेको उज्यालोमा बसेर पनि केही नदेख्नु झैँ हो । यो भोग्नेलाई थाहा छ । भोग्नेहरूको कथा आफैँले कुनै दिन लेख्नेछन् । हामी उनीहरूलाई पर्खने छौँ । भारतको पानीट्याङ्कीबाट ल्याएको सोनी कम्पनीको रेडियो घरको बुइँगलमा थियो । घरमा कोही थिएनन् । दरबारमा कोही नभएपछि सुसारेले पनि आफूलाई महारानी सम्झन्छे । सबै भएको बेला त मुसा नै हो । मेरो हालत पनि घरमा त्यस्तै थियो । घरमा कोही थिएन । कोही नभएपछि घरको अधिराजकुमार म नै थिएँ ।

राजकुमार भएपछि राजकुमारलाई भोक लाग्यो, राजकुमारले भान्सामा पसेर चिनी मुठ्याउनु भयो । राजकुमारलाई तिर्खा लाग्यो, राजकुमारले चुक अमिलो बनाउनु भयो र सड्काउनु भयो । राजकुमारलाई अल्छी लाग्यो, राजकुमार बुइँगलमा चड्नुभयो र रेडियो खोल्नु भयो । कान्तिपुर र रेडियो नेपाल बज्थ्यो । रेडियो नेपालको सरकारी आवाज प्रस्टै चिनिन्थ्यो, बिरक्त लाग्ने । तर रेडियो नेपालको गीत चाहिँ औधी मन पर्ने । पुराना गीतप्रति मोहको लागि रेडियो नेपाललाई धन्यवाद । विलासीको लोभमा राजकुमारले रेडियो खोलेर सिरकमाथि खुट्टा राख्दै गीत सुन्नुभयो, गीतको मध्यतिर पुग्दै थिएँ । रेडिया स्वाँ.... गर्दै सानो बज्न थाल्यो । ब्याट्रीबाट चल्ने रेडियोलाई मैले तिर्खा लाग्यो सम्झिएँ । तीन गिलास जति स्पीकरमा पानी हालेपछि खोलेँ । रेडियो त फेरि कहाँ बज्नु ? बरु साँझमा म बजेँ, आमाको हातबाट । बच्चाहरू यस्तै हुन्छन् । आमाले जति पिटे पनि आमा भन्दै आमाकै सारीको सप्को समाउन पुग्छन् । घरमा वाकमेन किन्दिनु भनेर आन्दोलन गरेँ । मेरो मागको लागि कोही वार्तामा बसेन । आमालाई एक्लौटी माग गरेँ, माग सिधै बदर भयो । सुपारी बारीमा एक्लै खेल्दै थिएँ । टिनाफलाम भैया आएको देखेँ । दुइटा काँटी दिँदा पनि दालमोठ दिन्थ्यो । म काँटी खोज्न लागेँ । मेरो भाग्य, घरमा कोही थिएन । घरमा कोही नभएपछि अलि ठूलो फलाम खोज्न लागेँ । भुसे चुले थियो तर नयाँ । नयाँ त के दालमोठसँग साट्नु भनेर बोकिनँ । भैया निकै माथि पुगेका थिए । मैले उनलाई फेरि बोलाएँ । पैसामा दाम मिलाएँ । सय रुपियाँ दिने भयो । वाकमेनलाई पचास रुपियाँ पर्थ्यो । बेच्दिएँ, नयाँ भुसे चुले । चोकमा गएर किनेँ वाकमेन । क्यासेट घरमै थियो, शम्भु राइको क्यासेटमा बजाएँ वाकमेन, 'चिठी तिमीलाई लेखौँ भन्छु, मनको कुरा मनमै रऱ्यो ।' साँझ आमाले चिठी बिर्सिने गरेर झ्याम हानेपछि मनमनै सोचेँ, 'अब कहिल्यै गल्ती गर्दिनँ' मैले आमासँग मनमनै कसम खाएँ । जीवनमा कति कसम खाइयो भनेर तुलोमा राख्न मिल्दैन । मिल्ने मेरो कसमको पल्ला उठ्ने नै थिएन । स्कुलको गेटमा स्कुल बिदा हुने बेलामा आमा लिन आइपुग्नु भनेको संसारकै प्रिय क्षण हो । आमालाई दङ्ग्यानु भनेको जीवनको पाठ हो । बच्चा बेलाको जसरी जीवनमा फेरि आमाको पछि लाग्न पाइँदैन । आमाको पछ्यौरीमा लुटपुटिएर फेरि बजार जाने दिन आउँदैन । आजकाल बजारमा कुनै केटाकेटी आमाको पछि देखेँ भने म बाल्यकालमा फर्कन्छु । जहाँ बितेका छन् मेरा क्षण । आमाको पछ्यौरीलाई प्रेम ।

*-साहित्यपोस्ट डटकम*

# नर्सरी रामपुर नगर सरकारलाई हस्तान्तरण



**पाल्पा,** साउन १०/जिल्लाको रामपुर नगर सरकारलाई विरुवासहितको नर्सरी हस्तान्तरण गरिएको छ । डिभिजन वन कार्यालय पाल्पाले विरुवासहितको नर्सरी नगर सरकारलाई हस्तान्तरण गरेको हो ।

वनले एक पालिका एक वन नर्सरी कार्यक्रम अन्तर्गत नर्सरी निर्माण गरी त्यसको रेखदेश गर्ने गरी नगर सरकारलाई जिम्मा दिएको छ । ३ महिनामा तयार पारेको १४ प्रकारका ३२ हजार ६ सय ४० वटा विरुवा सहितको नर्सरी नगरपालिकालाई हस्तान्तरण गरिएको वन कार्यालयले जनाएको छ । सव डिभिजन वन कार्यालय रामपुरका प्रमुख सुजन राजभण्डारीले नगर सरकारका प्रमुख रमणबहादुर थापालाई एक औपचारिक कार्यक्रमकाबिच नर्सरी हस्तान्तरण गरेका हुन् । नर्सरी हस्तान्तरण गर्दै वन कार्यालयका भण्डारीले वन कार्यालयको वार्षिक कार्यक्रम अन्तर्गत रामपुर नगरपालिकासँग सम्झौता भई तयार पारिएको नर्सरी हस्तान्तरण गरिएको बताए । अहिले तत्काल खयर जातको विरुवा वितरण गर्न योग्य रहेको भन्दै अन्य विरुवा आगामी वर्ष वितरण गर्न सकिने उनले बताए । नर्सरी ग्रहण गर्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले तयारी अवस्थामा रहेका विरुवा नगरवासीलाई निःशुल्क रुपमा वितरण गरिने बताए । अहिले वितरण गर्न योग्य रहेका २ हजार ७ सय ५० वटा खयरका विरुवा नगरवासीको मागको आधारमा वितरण गरिने उनको भनाई छ । बार्षिक कार्यक्रम अन्तर्गत नगरपालिकालाई नर्सरी तयारी गरी हस्तान्तरण गरेकोमा वन कार्यालयलाई नगर प्रमुख थापाले धन्यवाद ज्ञापन गरे ।

रामपुर नगरपालिकाको भौतिक तथा जग्गा व्यवस्थापनमा सब डिभिजन वन कार्यालय रामपुरले नर्सरी हस्तान्तरण गरिएको हो । नर्सरीमा छतिवन, तेजपत्ता, ज्याकेरेण्डा, गोल्डमोहर, राजवृक्ष, वेल, पंहेले फुल, कपुर, ओरी, अमला, खयर, क्यासिया, हरियो सिमल र धुपी गरी ३२ हजार ६ सय ४० प्रकारका विरुवा रहेका छन् ।

# विदेशबाट फर्केर...

...चार लाख लगानीमा व्यवसाय सुरु गरेका गन्धर्वले वार्षिक तीन लाखभन्दा बढी आम्दानी गरिरहेको बताए । नयाँ मादल बनाउनुकासाथै पुराना मादल, मिर्दुङ्गा, नगरा, डमरु, खैंजडी, नेवारी बाजा मर्मतबाट उनले आम्दानी गरिरहेका छन् । 'अहिले नयाँ बाजाका सेट तथा बाजाका सेट बनाउन र मर्मत गर्न भ्याइनभ्याइ छ', उनले भने, 'यहाँ उत्पादन भएका मादल तथा बाजाका सेटहरु स्याङ्जा, वालिङ, गल्याङ, पाल्पाको रामपुर, पोखरालगायतका ठाउँमा बिक्री हुने गरेको छ ।

मादल बनाउनका लागि रातो उत्तिसको काठ प्रयोग हुन्छ । काठ धादिङबाट आउने गरेको छ भने छाला भारतबाट ल्याउने उनले बताए । मादलको आकारअनुसार एक हजार आठसयदेखि दुई हजार पाँचसयसम्ममा बिक्री हुन्छ । उनले मागअनुसार काम गर्न कामदारको प्रयोग गर्दै आएका छन् । 'विदेशी भूमिमा बगाएको पसिना स्वदेशी भूमिमा बगाउन पाउँदा खुसी लागेको छ', उनले भने, 'विदेशको बसाई छोट्याएर फर्केपछि आफ्नै ठाउँमा सुरु गरेको पुख्यौली पेसाबाट म सन्तुष्ट छु ।' *-रासस*

## श्री कृष्णगण्डकी साना किसान कृषि सहकारी संस्था लि.
## कालीगण्डकी गाउँपालिका-६, छाप, स्याङ्जा
## गण्डकी प्रदेश नेपाल

## Invitation for Catalogue Shopping of Vehicle

***Date of Publication: 27th July 2023, (11th Shrawan 2080)***

Office of Shree Krishna Gandaki Sana Kishan Agricultural Cooperative Institute Pvt. Ltd. located at Kaligandaki Rural Municipality ward no.6 Syangja Nepal intends to procure single cab pickup as listed on the table below, under the Catalogue Shopping procedure as described on the Public Procurement Act, 2063. All eligible manufacturers or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within7 (seven) days of first publication date during office hour at office of Shree Krishna Gandaki Sana Kishan Agricultural Cooperative Institute Pvt. Ltd. Kaligandaki Rural Municipality ward no.6 Chhapa, Syangja. The manufacturers or authorized dealer must submit copy of firm registration certificate, copy of business registration certificate, copy of VAT and PAN registration certificate, copy of tax clearance certificate of last fiscal year and the letter of manufacturing authorization along with the application. The detail specification can be collected from office of Shree Krishna Gandaki Sana Kishan Agricultural Cooperative Institute Pvt. Ltd. at Kaligandaki Rural Municipality ward no.6.or website (kaligandakimunsyangja.gov.np) For more details, contact either Office of Shree Krishna Gandaki Sana Kisan Agricultural Cooperative or Chief Administrative Officer, Kaligandaki Rural Municipality (9856000070)

| Vehicle Type | General Specification | Quantity | Remarks |
|---|---|---|---|
| Single Cab Pickup Vehicle | • Minimum 2500 CC, power output not less than 80 HP and Maximum torque should not be less than 200 N-m at governed RPM,<br>• Best operation/performance of various vehicle systems like Braking System, Steering System &Suspension system, etc.<br>• Minimum Ground clearance of 200 mm | 1 unit | Specifications not included in this notice shall be as per approved Technical Specification |

खेलकुद समाचार

# अभ्यास खेलमा नेपाल पराजित




**काठमाडौं,** साउन १०/श्रीलंकामा एसिया कपको तयारी गरिरहेको नेपाली क्रिकेट टोलीले बुधबार पहिलो अभ्यास खेलमा नेपाल श्रीलंकाको स्थानीय टोली ब्लूमफिल्ड क्रिकेट एण्ड एथ्लेटिक क्लबसँग ६ विकेटले पराजित भएको छ ।

नेपालका लागि आजको खेलमा सोमपाल कामीले टिमको कप्तानी सम्हालेका थिए । नेपालले ब्लूमफिल्डकै मैदानमा टस जितेर ब्याटिङ रोजेको थियो । टस जितेर ब्याटिङ रोजेको नेपाल ४३.४ ओभरमा १९७ रन बनाउँदै अलआउट भएको हो । नेपालले दिएको १९८ रनको लक्ष्य ब्लूमफिल्डले २४.३ ओभरमा ४ विकेट गुमाएर भेटाएको हो । ब्लूमफिल्डका लागि हसिता बोयागोडाले ५३ बलमा ७ चौका र ७ छक्कासहित ९० रनको आक्रमक इनिङ खेले । उनी प्रतिश जि.सीको बलमा अर्जुन साउदबाट क्याच आउट भए । ओपनर सानदुन विराकोडी २२ बलमा ५ चौका र १ छक्कासहित ३१ र असिथा वानिनायाके १ रनमा आउट भए । अशान फेनान्डो ५४ बलमा ६ चौका र २ छक्कासहित ५६ रनमा अविजित रहे । नेपालका स्पिनर सूर्य तामाङले ६ ओभरमा १ मेडनसहित १७ रन खर्चेर २ विकेट लिए । प्रतिश जि.सीले ४ ओभरमा २४ रन खर्चेर २ विकेट लिए ।

त्यसअघि, पहिले ब्याटिङ गरेको नेपालका लागि ओपनर अर्जुन साउद बाहेक कुनैपनि ब्याटरको प्रदर्शन सन्तोषजनक रहेन । साउदले १ सय १३ बलमा ४ चौका र ३ छक्कासहित सर्वाधिक ७९ रनको योगदान दिए । आजको खेलमा देव खनाल र विकेटकिपर अर्जुन साउद ओपनर जोडी बनेका थिए । ओपनर देव खनाल ३४ बलमा २२ रन बनाए । पहिलो विकेटका लागि देव खनाल र अर्जुन साउदले ३८ रनको साझेदारी बनाएका थिए । तेस्रो क्रममा आएका बाँया हाते ब्याटर गुल्सन झाले अर्जुनसँग ३७ रनको साझेदारी बनाए । उनले २५ बलमा ९ रन मात्रै जोडे । सन्दीप जोरा २७ बलमा २ चौका र १ छक्कासहित ३१ रनमा आउट भए । त्यसपछिका कुनै पनि ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । नेपालका कुशल मल्ल ३, पवन सरार्फ १०, सोमपाल कामी ११, प्रतिश जि.सी १६ र करण केसी ११ रनमा आउट भए । ब्लूमफिल्डका मलिन्डा परेरा, दिनेश समराविक्रमा, निमेश थारुणु र विनिनायाकेले समान दुई विकेट लिए । नेपालले दोस्रो अभ्यास खेल शुक्रबार तमिल युनियनसँग खेल्ने भएको छ । दोस्रो खेल पी सारा ओभरलमा नै हुनेछ ।

कर्पोरेट/अर्थ समाचार

# नेपाल इन्भेष्टमेन्ट मेगा बैंकलाई अवार्ड




**पाल्पा,** साउन १०/नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले अवार्ड प्राप्त गर को छ । उसले बैंकिङ क्षेत्रमा गरेको उदाहरणीय सेवा र व्यवसायको लागि युरोमनी-अवार्ड फर एक्सेलेन्स अवार्ड प्राप्त गरेको हो । युरोमनी बेलायतमा सम्मानित अन्तर्राष्ट्रिय वित्तीय प्रकाशन हो । बैंकले यस प्रतिष्ठित अवार्ड प्राप्त गरेको यो सहित तेस्रो पटक हो ।

यसअघि दुई पटक सन् २०१८ र २०२१ मा पनि बैंकले यस अवार्ड हासिल गरेको थियो । वर्षभरिको कार्यसम्पादन, रणनीतिक वृद्धि तथा आफ्ना ग्राहकहरूलाई उपयुक्त सेवाहरू र शाखारहित बैंकिङ सेवा उपलब्ध गराएकै कारण बैंकलाई युरोमनीले वित्तीय समावेशीकरणको श्रेय दिइएको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । युरोमनीले आफ्नो आधिकारिक वेबसाइटमा भूतपूर्व सेनाका कर्मचारी, बहालवाला सेवाकर्मी र उनीहरूका परिवारलाई विपन्न क्षेत्र ऋण कार्यक्रम मार्फत सहुलियत दरमा ऋण उपलब्ध गराउनु नै यस वर्ष बैंकलाई सम्मानित गर्नुको अर्को कारण उल्लेख गरेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई